मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०३**

१. यस मालिका गाउँपालिका बाट आर्थिक वर्ष २०८१/०८२ **को अवधिको लागि तपशिल वमोजिमको स्थानहरुमा** ढुङगा ,गिटि, **बालुवा लगायतका नदीजन्य** पदार्थहरुको निकासी कर संकलन गर्न ठेक्का बढाबढ प्रक्रिया द्धारा बन्दोवस्त **गर्नु पर्ने भएकोले यो** सुचना प्रकाशित गरिएको छ । इच्छुक ,व्यक्ति ,फर्म संस्था वा कम्पनिहरुले **तपशिल वमोजिमको** शर्तको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सुचित गरिन्छ ।

२. यो सुचना प्रकाशन भएको मितिले १५ औ दिन सम्म **सिलबन्दी दरभाउपत्र** फारम यस कार्यलयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त **प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय** दर्ताको प्रमाणीत ईजाजत प्रत्र,अध्यावधिक नविकरण फर्म, **सस्था वा कम्पनि दर्ताको प्रमाणीत प्रमाण पत्र, मुल्यअभिबृद्धि करमा दर्ताको प्रमाणीत पत्र**, स्थायी लेखा नं. (PAN) प्रमाणीत पत्र, आर्थिक वर्ष २०८०/०८१ सम्मको कर चुक्ता **गरेको प्रमाणपत्र**, नियमानुसारको तपशिलमा उल्लेख सिलबन्दी दरभाउपत्र **दस्तुर ग्लोवल आइएमइ वैंक**, शाखा कार्यालय अर्खावाङ्गमा रहेको आन्तरिक राजश्व खाता नं.- ग १-१-३६००४०१००००००६ मा जम्मा गरी भौचरसाथ  निवेदन पेश गरेपछी नियमानुसार छुट्टा छुट्टै **सिलबन्दी दरभाउपत्र** फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

३. सिलबन्दीदरभाउपत्र १६ औ दिनको १२ **बजे सम्म पेश गरि सक्नु पर्ने** र सोहि दिनको ठीक१ बजे मालिका गाउँकार्यपालिकाको कार्यालय **अर्खावाङ्ग गुल्मीमा** सिलबन्दी दरभाउपत्र खोलिने छ ।

४. सिलबन्दी दरभाउ पत्र साथ आफुले कवोल गरेको अङ्कको ५ प्रतिशत धरौटी मालिका गाउपालिकाको ग्लोवल आइएमइ वैंक, **शाखा कार्यालय अर्खावाङ्ग** गुल्मीमा  रहेको धरौटी खाता नं. ३६००४०१००००००४ **मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ । साथै बैंक ग्यारेन्टी** लाई समेत मान्यता दिईने छ ।

५. **रकम तिर्न किस्ता गरि बुझाउनु पर्ने छ । पहिले नै एकमुष्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १० प्रतिशत रकम कम गरि बुझाउन सकिने छ ।**

६. **कबोल गरेको रकमअङ्क र अक्षरमा स्पष्ट लेख्नु पेर्नेछ । पहिले नै एक मुस्ट** बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १० प्रतिशत **रकम कम गरि बुझाउन सकिनेछ** ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत **भएपछि ठेक्का सम्झैतापुर्व प्रथम किस्ता बापत** २५ **प्रतिशत रकम दाखिला गर्नु पर्नेछ ।अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी परफमेन्स** बोण्ड बनाई पेश गर्नु पर्नेछ । रित नपुगि वा म्याद नागिआएको **सिलबन्दी दरभाउपत्र** उपर कुनै कारवाही हुने छैन ।

८. नियमानुसार लाग्ने सम्पुर्ण कर ठेकेदार स्वयंले व्यहोर्नु **पर्नेछ** ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत **गर्ने वानगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।**

१०. ठेक्काका अन्य शर्तहरु सिलबन्दी दरभाउपत्रमातोकिएअनुसार हुनेछ।

११. यस सुचना मा नपरेका अन्य **कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ** ।

थप जानकारी लागी ९८५७०६७९०६र ९८५११२९१४९ **मा सम्पर्क गर्नुहुन** ।

| **ठेक्का न.** | **ठेक्काको विवरण** | **इकाई** | **उत्खनन गर्नसकिने परिमाण (घ मी)** | **न्युनतम ठेक्काअङ्क (मु अ कर बाहेक)** | **टेण्डर फारमदस्तुर** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| OMRM-GUL-SQ-13-2081/82 | घमिरखोला (**सिलादी खोला क्षेत्र समेत**)मा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १७६ | ३७३७६.०० | १००० | |
| OMRM-GUL-SQ-14-2081/82 | हुल खोला **क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य** | घ मी | १६० | ३३९०१.०० | १००० | |
| OMRM-GUL-SQ-15-2081/82 | गिठे कटाह मालिका ८**क्षेत्रमा पर्ने नदिजन्य** पदार्थ बिक्रि कार्य | घ मी | १५८ | ३३३७२.०० | १००० | |
| OMRM-GUL-SQ-16-2081/82 | कटाहा शाहीरुम्टा मालिका ८**क्षेत्रमा पर्ने नदिजन्य पदार्थ** बिक्रि कार्य | घ मी | ३६० | ७६२७८.०० | १००० | |
| OMRM-GUL-SQ-17-2081/82 | फूलवारी  घाट मालिका६-७ **क्षेत्रमा पर्ने नदिजन्य पदार्थ** बिक्रि कार्य | घ मी | ५६७ | १२०१३८.०० | १००० | |
| OMRM-GUL-SQ-18-2081/82 | अल्छ्याङ मालिका ८**क्षेत्रमा पर्ने नदिजन्य पदार्थ** बिक्रि कार्य | घ मी | १२९६ | २७४६०२.०० | १००० | |
| OMRM-GUL-SQ-19-2081/82 | तिलाकाटे  मालिका ८ वगर **क्षेत्रमा पर्ने नदिजन्य पदार्थ** बिक्रि कार्य | घ मी | ११५२ | २४४०९०.०० | १००० | |
| OMRM-GUL-SQ-20-2081/82 | **नेटा लिलिङ बडिगाढ तथा दुनाम** क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ७५६ | १६०१८४.०० | १००० | |
| OMRM-GUL-SQ-21-2081/82 | सिस्नेरी घाट (निस्दी खोला)**क्षेत्रमा पर्ने नदिजन्य पदार्थ** बिक्रि कार्य | घ मी | १४४ | ३०५११.०० | १००० | |
| OMRM-GUL-SQ-22-2081/82 | डाडाखेत, वडार हाइड्रोपावर (**निस्दी खोला**)क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १३२ | २७९६९.०० | १००० | |
| OMRM-GUL-SQ-23-2081/82 | **अर्जे खोला क डढुवा वगर क्षेत्रमा** पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ३८४ | ८१३६३.०० | १००० | |
| OMRM-GUL-SQ-24-2081/82 | **अर्जैखोला ख साउवोट वगर क्षेत्रमा पर्ने नदिजन्य पदार्थ** बिक्रि कार्य | घ मी | ७८४ | १६६११७.०० | १००० | |

प्रमुख प्रशासकीय अधिकृत